# कर्मभूमिदेखि जन्मभूमि सम्म

लेखक
मुनि मणिभद्र 'सरल'

अनुवादक
रवीन्द्र माकाजू

प्रकाशन मिति : २०६३ कार्तिक
प्रकाशन संख्या : १००० प्रति
प्रकाशक
फेवा प्रकाशन प्रा.लि.
पोखरा

मुल्य रू ६०/-

मुद्रण
**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. ०६१-५२०६५१

# समर्पण

अनन्त अनन्त आस्थाका आयाम

श्रद्धाका केन्द्र र जसको वरद छत्रछाँया

सदैव यस तुच्छ सेवकमाथि प्रत्यक्ष र परोक्ष रूपमा

प्रतिपल सतत् रूपमा प्रवाहित भयो

यस्ता आराध्य गुरूदेव उत्तरभारतीय प्रवर्तक

शासकसूर्य बहुश्रूत

स्वामी श्री शान्तिस्वरुप जी महाराज साहबको

चरणकमलमा

प्रथम यात्रा वृतांत सादर समर्पित

– मुनि मणिभद्र 'सरल'

लम्केको हुन्छ । कसैले भन्ने र गर्ने कुरा फरक छ भने त्यो कसरी विवेकी हुन सक्दछ । त्यही भएर अध्यात्म, सत्य-साधनाको पथमा अरुको निर्णय त्यति काम आउँदैन । आफ्नै निर्णय काम आउँछ, आफ्नो निर्णय, आफ्नो चेतनले चैतन्य यात्रा । जीवन यात्रालाई स्वतः प्रेरित गर्नु पर्दछ । तर यो कुरा अवश्य नै महत्वपूर्ण हुन्छ त्यो यात्रा आरम्भ गर्नु पूर्व प्रचेता (ज्ञान) प्रेरणा चाहिन्छ नै । स्वयं आफै बुद्दे हुने व्यक्तिहरु यस संसारमा कमै हुन्छन् । करोडौं अरवौं मासिको चिन्तन परम्पराबाट अघि बढेको हुन्छ । म मेरो यात्राको प्रचेताको लागि मेरा मुस्कानहरुमा आभार व्यक्त गर्दछु । कृतज्ञता व्यक्त गर्दछु । जुन चेतनाले जुन चिन्तनले जीवनको गीतलाई जीवनको दिशालाई प्रभावित गर्दछ, त्यो चेतनालाई प्रणाम गर्नु पर्दछ ।

सुन्दर-शान्त हिमालको काख नेपालमा जन्म र आध्यात्मको ज्ञान पाउने अवसर भारतमा भयो । भारतमा धर्मशास्त्रको अध्ययन गरी अध्यात्म शिक्षाहरु प्राप्त भयो । प्राप्त शिक्षालाई भारत, नेपाल र अन्य विश्वबाट सम्पर्कमा आउने व्यक्तिहरुमा यथाशक्य प्रसारित गर्ने मेरो काम रहयो ।

मानव-जीवन गौरवमय प्रकृतिको वरदान हो । सृष्टीका सम्पूर्ण कृतिहरु सुन्दर र राम्रा छन् तर मानिस सृष्टीको सर्वश्रेष्ठ र अपूर्व कृति पनि हो । हामी सर्वश्रेष्ठ कृति हौ भनेर मख्ख परेर मानवीय पथबाट विचलित हुने मानवलाई कदापि श्रेष्ठ कहलिने अधिकार छैन । श्रेष्ठ ढाँचा हो मानव शरीर श्रेष्ठ, अछुत कृति मानवको बुद्धि चेतना हो । यो चेतनालाई सर्वे भवन्तु सुखिन, बसुधैव कुटुम्बकम् पुरै पृथ्वीवासी एक हौ, परस्परो ग्रहो जीवानाम परस्पर आपसमा उपग्रह सहयोग जीवन हो भन्ने भावनाको विकासमा लैजाने तर्फको यात्रामा आफूलाई डोऱ्याउनु श्रेष्ठता तिर लम्कनु हो । श्रेष्ठ हुनुको अर्थ हो ।

कर्मभूमिदेखि जन्मभूमि सम्ममा मैले आफ्नो केही मीठा यादहरु समेट्ने

# शुभकामना

वर्षौं भयो, नैतिकता मानवता, मानव-मिलनका स्वरहरु, धुनहरु प्रिय लागेका । यी स्वहरुसँगै अगाडि बढ्दै जाँदा जीवनको अन्तरसका स्वरहरु-संगीतहरु र धुनहरु मधुर बनेको आभास मिल्छ । आफ्नो यस जीवन यात्रालाई चियाउँदा मिठोपनको अनुभूति हुन्छ । तर कुन हदसम्म सफल भएँ भन्ने कुराको निर्णय आफैले गर्नु त आफ्नो ठाउँमा छँदैछ । अरुको विचार पनि त्यतिकै अपेक्षित हुन्छ भन्ने मलाई लागेको छ ।

यो मिठोपनको आफ्नो अनुभूति पूर्ण कदापि छैन, लामो यात्रा अरु गर्नु छ । मिठोपनको यात्रामा निक्लेपछि यस मिठासलाई सबैमा बाँड्ने चुकचुकी लाग्छ । यो सबैको विवशताभित्र पर्ने कुरा हो जस्तो मलाई लाग्छ । म आफू ध्यान, चिन्तन, मनन, अध्ययन मानव-मिलन संगठन आदि प्रक्रियाहरुको माध्यमबाट मिठास बाँड्ने प्रक्रियामा निरन्तर सहभागि भएको छु । यो कुरा मैले भन्नु नै पर्छ । यद्यपि कार्य क्षेत्र, महान्ता आदिको रुपमा अझ बढ्नु आवश्यक छ ।

शान्ति, समुन्नति विश्वको प्रिय शब्द हुन् , शान्ति मानिसको अदभूत् आकांक्षा हो । तर यसलाई पाउने तर्फको हिडाई के कस्तो हुन्छ भन्ने कुराको निर्णयको विवेक आफैमा पलाउनु पर्दछ ।

यो विवेक प्राप्त भएको छ वा छैन भन्ने कुराको कसले गर्ने भन्ने प्रश्न उब्जन सक्दछ । यसका लागि परमात्मा महावीरले भन्नु भएको छ -'समसम्वेण, समता, निर्वेद, अनुकम्पा, आस्था, मानवको हृदयमा स्थापित भएका छन् भने मानिस आफूले आफ्नो निर्णय गर्न सक्छ । जीवन यात्राको ठूलो चुनौति पनि यिनै कुराहरुको विकासमा भर पर्ने हुन्छ भन्ने म ठान्दछु । जीवनमा यिनीहरुलाई आधार मानेर अघि बढेको छ भने त्यो मानिसको जीवन पूर्णताको यात्रातिर

छन् । यसका साथै त्यहाँका मठ, मन्दिर, कला कौशल, सांस्कृतिक जीवन शैली र भौगोलिक अवस्थिति विश्वमा नै अतुलनीय रहेको छ । आज नेपाल विश्वको एउटा पर्यटक गन्तव्य स्थलको रुपमा विकसित हुँदैछ यसको अलावा मान्छेले प्रकृतिका एक एक अवस्थितिबाट शिक्षा लिन सक्दछ अथवा मानवलाई प्रकृतिले आफ्नो प्रत्येक अवस्थिति कुनै न कुनै सन्देश दिइरहेको हुन्छ । त्यसलाई यस पुस्तकमा सटिक तरिकाबाट अनुभव गर्न सकिने छ भन्ने मलाई विश्वास लागेको छ ।

धेरै जसो कार्यहरु कल्पनामा सारै मिठा हुन्छन् तर त्यसलाई कार्य रुपमा उतार्न अति नै कठिन हुन्छ । जसमा कल्पनाबाट धेरै बेग्लै वास्तविकताको सामना गर्नु पर्दछ । जैन सन्तको जीवन आज विश्वमा बचेको कठोर धार्मिक जीवनमा एक हो । त्यसमा पनि पहाडीभूमिको यात्रा धेरै कठिन हुन्छ । यसमा एक मात्र उर्जाको काम मुनिजीको मनमा बसेको नेपालीभूमि र नेपाल जाति प्रतिको माया मात्रै हो । यस पुस्तकमा के लेखिएको छ भन्ने सम्बन्धमा पुस्तकको शिर्षकले नै धेरै अर्थ बोकेको छ । मुनिजीले जन्मभूमि छोडी कर्मभूमिमा १४ वर्ष बिताई पुनः जन्मभूमिको यात्रा गर्ने समयसम्म धेरै परिवर्तन भइसकेका थिए । उहाँले नेपालको समथर भूमि तराईबाट यात्रा शुरु गरी मध्य पहाडी भूमि हुँदै नेपालको राजधानी काठमाडौंसम्म र त्यहाँबाट पुनः फिर्ती यात्रा गर्नुभएको थियो । काठमाडौं उपत्यका प्रवेश गर्दा उहाँले समुद्र सतहबाट ७ हजार फिट उचाईको चन्द्रागिरी पर्वत पार गर्नु भएको थियो । पहाड, पर्वत, नदी, नाला, खोंच, घाँटीको यात्रा कति कठिन भए होला हामीलाई कल्पना गर्न सम्म पनि कहाली लाग्दो हुन्छ ।

मुनिजीले काठमाडौंबाट फिर्ता भए पछि ७ हजार फिट उचाईको चन्द्रगिरी पहाड चढ्दा खेरी आफ्नो स्वास्थ्यमा आएको संकटको बारेमा यस पुस्तकभित्र उल्लेख गर्नु भएको रहेछ । सो पहाड चढ्दाखेरी म पनि मुनिजीको

# दुई शब्द

जैन धर्मका २४ औं तीर्थङ्कर भगवान महावीरले देखाएको बाटोमा चल्ने पंचमहाव्रतको धारण गर्ने मुनि श्री मणिभद्रले कर्मभूमिबाट जन्मभूमि सम्म गरेको यात्रा सम्बन्धमा पुस्तक लेख्नु भएको रहेछ । मुनिजीको जन्म नेपालमा भई बाल्यकाल पनि यही बितेको थियो । जन्मभूमिको माया जन्मले भन्दा पनि बाल्यकालले बढी प्रभाव पारेको हुन्छ । मुनिजीले नेपालको हिमाल, पहाड, पर्वत, डाँडाकाँडा, नदी, नाला र ताल तलैयाहरुमा खेल्दै बाल्यकाल बिताउनुभएको थियो । उहाँले त्यहाँको चिसो हावा, धापिलो घामबाट शरीरलाई पुष्ट गराउनु भएको थियो । घर आँगन, गरा कान्ला, धुलोका कण, ढुंगा मैदान र चौरमा खेल्नु भएको थियो । त्यहाँको भूमिले मुनीलाई अंगालो मारेको थियो र मुनिले त्यसलाई चुम्बन गर्नुभएको थियो । आमा, बाबु, साथी, भाइ, घर छिमेकी एवं त्यहाँको भूमिसँग बिताएका सुख दु:खका क्षणहरु उहाँको बाल मस्तिष्कमा अमिट छाप परेको थियो । खास त नेपालीभूमि र नेपाली जाति प्रति मुनिजीको अगाध प्रेम, माया, ममता र आस्था थियो । त्यसैको फलस्वरुप उहाँले नेपालको कठोर यात्रा गर्ने निर्णय गर्नु भयो । यो निर्णय पनि मुनिजीले लामो समयको प्रतीक्षापछि गर्नुभएको थियो । लामो समयदेखि उहाँले नेपाल यात्राको मिठो कल्पना गर्नुभएको थियो ।

नेपालको भौगोलिक अवस्थिति नै एक अनौठो प्रकारको छ । उत्तरमा हिमाल पूर्व पश्चिम भई नेपालको प्राकृतिक बनोट विविध प्रकारको छ । हिमालको काखबाट शुरु हुने अधिकांश नदीहरु पहाड खोंच हुँदै तराइको समथर भूमिलाई सिंचित गर्न निरन्तर रुपमा एक समान भई बगिरहेका छन् । त्यस्तै यहाँका हरिया पहाड, पर्वत, सुनौला, हिमाल, नदी नाला, ताल तलैया एवं उपत्यका र तराइका हरिया मैदानहरु सुन्दर रुपमा मिलेर बसेका

साथमानै रहेको हुँदा त्यहाँको कठिनाइको म कल्पना गर्न सक्दछु तर यथार्थ रुपमा उल्लेख गर्न मसँग शब्द छैन ।

मुनिजीले ठूलो मेहनत गरी आफ्नो जन्मभूमि यात्राको बारेमा यो पुस्तक तयार पार्नु भयो । यसबाट नेपालको बारेमा जान्न चाहने नेपाली एवं विदेशी सबैको लागि उपयोगी हुनेछ । कर्मभूमिबाट जन्मभूमिसम्म भन्ने पुस्तक हिन्दीमा रहेकोमा यसलाई नेपालीमा बनाउनु आवश्यक थियो । यो कार्य पोखरा पत्रका प्रकाशक एवम् सनातन धर्म सेवा समितिका अध्यक्ष रवीन्द्र माकाजूले गर्नुभएकोमा खुशी लागेको छ । यस कार्यका लागि वहाँलाई म धन्यवाद दिन चाहन्छु ।

**तेजप्रसाद पौडेल**

अधिवक्ता (एलएलबी) काठमाडौं, नेपाल

# मन्तव्य

सुन्दर शान्त नेपालको पर्यटकीय नगरी पोखरामा चतुर्मास मनाउन परम आदरणीय जैन सन्त श्री मणिभद्र जी महाराज आफ्ना सहयोगी मित्रहरुसँग पोखरा आउनु भएको रहेछ। जब मैले उहाँको पहिलो पटक दर्शन गर्ने शौभाग्य पाएँ, अन्तरमनमा नै खुशी जाग्यो। पहिलोपटक यति ठूलो संख्यामा जैन सन्तहरुलाई पोखरामा देख्ने सौभाग्य थियो। उहाँलाई मैले विगत १९ वर्षदेखि सम्पन्न हुँदै आइरहेको जन्माष्टमी शोभायात्राको प्रवचन समारोहमा प्रमुख अतिथिको रुपमा भाग लिन अनुनय गरें। उहाँले सहर्ष स्वीकार गर्नुभयो। जन्माष्टमीमा उहाँले अत्यन्त सारगर्भित मन्तव्य व्यक्त गर्नुभयो। र हामीले थाहा पायौं उहाँको व्यक्तित्व विराट रहेछ। कास्कीको छिमेकी जिल्ला स्याङ्जाको आरुखर्कमा जन्मेर मित्रराष्ट्र भारतमा गई आफ्नो साधनाद्वारा मानव मिलन समाज स्थापना गरी नेपाल र नेपालीकै गौरव बढाउनु भएको रहेछ।

अझ त्यो भन्दा बढी नेपाल ब्राह्मण कुलमा जन्मेर जैन दर्शनको माध्यमद्वारा मानवताको सेवाको लागि कठोर र त्याग र तपस्यामय जीवनका कारण उहाँप्रति आस्था र श्रद्धा झनै जाग्यो। र यो थाहा पाएँ जैन समाजमा त्यागी सन्तहरुको परम्परा हुँदो रहेछ। अहिंसाप्रतिको पालना र अपरिग्रहको परिपालनाले जैन दर्शनसँग नगीच हुने मौका पाएँ। उहाँले "कर्मभूमिसे जन्मभूमि" भन्ने पुस्तक लेख्नु भएको रहेछ। त्यो पुस्तकलाई नेपालीमा भाषामा अनुवाद गर्ने इच्छा जाहेर गरें। उहाँले सहर्ष स्वीकार गर्नुभयो। र आफूले सक्दो सहयोग गर्ने वचन दिनुभयो। उहाँलाई म हृदयदेखि धन्यवाद दिन चाहन्छु। यो पुण्य कार्यमा सम्पादन गरिदिनुहुने अभिन्न मित्र यज्ञप्रसाजद बास्तोला, अर्का मित्र पुण्य पौडेल र हिमालय अफसेट प्रेस परिवार प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु।

**– रवीन्द्र माकाजू**

# संकल्प-गीत

संकल्प यै गरौं लौं, मानिस हामी बनौंला ।
मानिस बने पछि पो, भगवानलाई चिनौंला ॥

के जैन, बौद्ध, मुस्लिम, हिन्दु र सिख ईसाइ ।
सब नै हौं भाइ भाइ, मिलेर हामी बसौंला ॥

एउटै गगनका हामी, चम्किला जून तारा ।
माया र प्रेमको ज्योति, हाँसी हाँसी छरौंला ॥

फूलबारी हो जगत यो, हामी फूल प्यारा प्यारा ।
हाँसेर झुल्दै फुल्दै, संसार मगमगाउँला ॥

मन्दिर त एउटै हो, दीपक थरी थरीका ।
बाली पवित्र ज्योति, यो विश्व जगमगाउँला ॥

गीता, कुरान, आगम, गुरुग्रन्थ त्रिपिटक सब ।
हुन् गाथा मानवताका, बडो प्रेमले पढौंला ॥

संकल्प यै गरौं लौं, मानिस हामी बनौंला ।
मानिस बने पछि पो, भगवानलाई चिनौंला ॥

*- जैन मुनि श्री मणिभद्र म.सा.*